# श्री ५ राजेन्द्रको काशी पलायन र अलौ पर्व

**मोहनप्रसाद खनाल**

कोतको भयंकर हत्याकाण्डले पनि महारानी राज्यलक्ष्मीको रक्तपिपासा शान्त भएको थिएन । आफ्नो इप्सित अभिलाषा पूरागर्न भरखरै सत्तामा ल्याइएका जङ्गबहादुरद्वारा युवराज सुरेन्द्र र उपेन्द्रको वध गराई रणेन्द्र विक्रमलाई राजा बनाउने षडयन्त्रमा राज्यलक्ष्मी प्रयत्नरत थिइन् । तर जङ्गवहादुर कुंवरले सुरेन्द्र विक्रमको सट्टा रणेन्द्र विक्रमलाई राजा वनाउन अस्वीकार गरेपछि महारानी राज्यलक्ष्मी जङ्गवहादुरदेखि सशंकित एवं क्रुद्ध हुन पुगिन् । अब जङ्गबहादुरबाट आफ्नो कार्य सफल नहुने मात्र हैन कि आफूप्रति नै खतरा हुने संभावना भएको हुंदा उनलाई सदाका लागि पन्छाउने योजनामा राज्यलक्ष्मी लागिन् । काजी वीरध्वज वस्नेत, सर्दार दलमर्दन थापा, कप्तान उजीर सिंह खवास र विजयराज पांडे आदि केही भारादारहरू यस काममा संलग्न थिए । परन्तु चतुर जङ्गवहादुरले शुरूदेखि नै पण्डित विजयराज पांडेलाई आफ्नो पक्षमा मिलाइसकेका हुंदा महारानी राज्यलक्ष्मीसंग भएका गुप्त मन्त्रणाहरूको सूचना जङ्गवहादुरलाई वरावर प्राप्त हुने गर्दथ्यो । विक्रम संवत् १९०३ साल कार्त्तिक शुक्ल द्वादशी शनिश्चरवारका दिन हनूमान् ढोकाको भण्डार खालमा जङ्गबहादुर सहित उनका अनुयायीहरूलाई सिध्याउने पूरा वन्दोवस्त गरियो । भण्डारखालको वगैचामा एउटा विशेष भोजको आयोजना गरी त्यही नै जङ्गवहादुरको इतिश्री गर्ने कार्यक्रम थियो । तर विजयराज पाँडेद्वारा समयमा नै षड्यन्त्रको पूरा विवरण पाएपछि आफ्ना सबै विरोधीहरूलाई समाप्त गर्न जङ्गवहादुर सफल भए । भण्डारखाल पर्वमा संलग्न वीरध्वज वस्नेत सहित बाह्रजना भारादारहरू काटिए भने काजी रणवीर राना, कप्तान उजीर सिंह, सर्दार रणभद्र, सर्दार सर्वजीत र सर्दार बखतसिंह वस्न्यात आदिले भागेर ज्यान जोगाएका थिए[1] ।

भण्डारखालको नरसंहारलाई लिएर तत्काल नै जङ्गवहादुरले हनूमान्ढोका दरवारमा ठूलो भारादारी गराए । जसमा जङ्गी (निजामती थरघर आदि) सबै भाइ भारदारहरूको उपस्थिति थियो । कोत र भण्डारखालको हत्याकाण्ड गराउनाका साथै युवराज सुरेन्द्रविक्रमलाई मारी आफ्ना छोरा रणेन्द्रविक्रमलाई राजा बनाउने षडयन्त्र गरेको अभियोगमा महारानी राज्यलक्ष्मी देवी सबै कुरावाट दोषी सावित भइन् । तसर्थ श्री ५ राजेन्द्रविक्रमका साथै युवराज सुरेन्द्रविक्रमको उपस्थितिमा भारदारीको सर्वसम्मतिले कान्छी महारानी राज्यलक्ष्मी देवीलाई शक्तिच्युत गरी देशनिकाला गर्नु उपयुक्त हुने ठहर सहितको

*Contributions to Nepalese Studies*, Vol. 29, No. 2 (July 2002), 325-349
Copyright © 2002 CNAS/TU

फैसला गर्‍यो[२] । तत्पश्चात् १९०३ साल मार्गकृष्ण पञ्चमी आइतबारका दिन श्री ५ राजेन्द्रविक्रमबाट महारानी राज्यलक्ष्मीमा निहित रहेको सम्पूर्ण अधिकारका साथै राज्य सञ्चालन गर्नका लागि चाहिने विशेषाधिकारको लालमोहर युवराज सुरेद्रविक्रमलाई प्राप्त भयो[३] ।

देशनिकालाको दण्ड पाएपछि राज्यलक्ष्मी देवी राजदरबार छाडेर मिश्र गुरुज्यूको घरमा बस्न गईन्[४] । त्यहाँ पनि जङ्गवहादुरको कडा निगरानी थियो । महारानीलाई दोषी सावित गरी सबै राज्याधिकार युवराज सुरेन्द्रविक्रमलाई सुम्पेको भोलिपल्ट अर्थात् १९०३ साल मार्ग कृष्ण षष्ठी सोमवार राजा राजेन्द्रविक्रम राज्यलक्ष्मीसँगै काशी जाने उद्देश्यले दरबार छाडी मखनटोलस्थित एकदेव वैद्यको घरमा बस्नपुगे[५] । सोही दिन महारानी राज्यलक्ष्मी पनि मिश्र गुरुज्यूका घरबाट माहिला गुरुज्यूका घरमा सरिन्[६] । यसप्रकार श्री ५ राजेन्द्रविक्रम, राजकुमार रणेन्द्र तथा वीरेन्द्र पनि महारानी राज्यलक्ष्मीका साथ काशी जानका लागि तयार भए । यात्राका लागि चाहिने आवश्यक खर्च र सरसामानका साथै सुरक्षाका लागि छ रेजिमेन्ट सेना तैनाथ गरिए । यसका अतिरिक्त जङ्गबहादुरका विश्वासपात्र काजी करवीर खत्री, काजी हेमदल थापा, कप्तान खड्गवहादुर कुंवर, कप्तान धीरबहादुर कुंवर र सुब्बा सिद्धिमान सिंह राजभण्डारी आदि विशेष निगरानीका लागी खटिनुका अतिरिक्त काशी जाने यस लावा लस्करका साथमा एकजना अंग्रेज अफिसरको पनि उपस्थिति थियो ।

संवत् १९०३ साल मार्गशुक्ल षष्ठी मंगलवारका दिन पाले पहरा सहित ३०० अङ्गरक्षकका साथ श्री ५ राजेन्द्रविक्रम शाहले राजधानीबाट बनारसका लागि प्रस्थान गरे[७] । बिहानको साइतमा हात्ती, घोडा, पाल्की, पाल र आवश्यक सरसामानका साथ सैनिकहरूले सुसज्जित महारानी एवं राजकुमारहरू सहित राजेन्द्रविक्रम शाहको सवारी त्यसदिन फर्पिङ पुग्यो[८] । यसको भोलिपल्ट चीसापानी र पर्सिपल्ट मकवानपुरमा बास बसी पांचौदिन अर्थात् मार्गशुक्ल त्रयोदशी आइतवारका दिन विसौलिया हुंदै यसको भोलिपल्ट सोमवार बरेवा कचहरी आइपुग्यो[९] । यात्राभरि नै राजा र रानीका लागी सुत्ने पालहरूको भने छुट्टाछुट्टै ब्यवस्था गरिएको थियो तापनि सधैंजसो विहान बेलुका राजेन्द्रविक्रम राज्यलक्ष्मीको पालमा २/३ घण्टासम्म समय बिताउने गर्दथे[१०] । यसभन्दावाहेक राजाले अन्य कसैसँग पनि एकान्त गर्न नपाउन् भन्ने हेतुले भारदारहरूलाई श्री ५ को पालसंगै सुत्नू, एक्लै नछाड्नू र त्यहाँको एक एक विवरण लेखेर पठाउनू भन्ने जङ्गवहादरको निर्देशन थियो । तर पनि भारदारहरूले राजाको पालसंगै सुत्ने आँटभने गर्न सकेका थिएनन्[११] । उता सीमानापार बसेका जङ्गबहादुरका विरोधीहरू भने श्री ५ राजेन्द्रको काशी आगमनको खबरले राजासँग भेटगर्ने प्रतीक्षामा आतुर देखिन्थे[१२] ।

१९०३ साल मार्गशुक्ल पूर्णिमा अर्थात् धान्यपूर्णिमाको पर्व पारेर रौतहट स्थित वरेवानदीको तीरमा श्री ५ राजेन्द्रविक्रम बाट तोलादान भयो[१३] । यस उपलक्ष्यमा त्यस भेगका शाही नातेदार अर्थात् नानी साहेबका साथै राजाका आफन्तहरूको पनि उपस्थिति थियो । बर्तमान अवस्थालाई बुझेर नानी साहेवले अहिलेको परिस्थितिमा काशी जानु

उचित नहुने सल्लाह दिएपछि द्विविधामा परेका श्री ५ राजेन्द्रले खड्गबहादुर कुंवरहरूसँग पनि यस बारेमा विचार विमर्श गरी काशी नजाने पो हो कि भन्ने आशय प्रकट गरेथे[१४]। तर केही आफन्तहरूसँगको मन्त्रणापछि राजा राजेन्द्रविक्रमले पुनः काशी जाने नै निर्णय लिएका हुँदा यसको भोलिपल्ट अर्थात् पौष कृष्णप्रतिपदा बृहस्पतिवारका दिन वरेवाबाट कचरीयातर्फ रवाना भए।

यसैबीच महारानी राज्यलक्ष्मीको शंकास्पद चरित्र र अन्य केही व्यक्तिहरूको व्यवहारदेखि सशंकित भएका राजा राजेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई सुरेन्द्रविक्रमबाट निम्न ब्यहोराको लालमोहर गराई पठाइदे भनी पत्र लेखेथे। विषेश गरेर महारानी राज्यलक्ष्मीको षोपीमा जाँदा संगी लिएर मात्र जानू, महारानीका लागी वार्षिक ५००। आमदानी हुने जग्गामा म काशीबाट नफर्कंदै दरबार बनाई बस्ने व्यवस्था गरिदिनुका साथै १२ जना विद्रोहीहरूले मृत्युदण्ड पाएका ब्यहोरा लाठका नाउँमा षलीताको लालमोहरका अतिरिक्त बागीहरू तथा उनका आफन्तहरूले पनि भुषवटमा र रानीका इर्दगिर्दमा नरहुन् भन्ने ब्यहोराका अतिरिक्त वर्षको १५ हज्जार सम्म आमदानी हुने राम्रो जग्गामा राज्यलक्ष्मीलाई स्थायी रूपमा बसो बासो गर्ने व्यवस्था गर्नका लागि राजेन्द्रविक्रमले विशेष जोड दिई जङ्गबहादुरलाई पत्र पठाएथे।

माथि उल्लेखित ब्यहोराका लालमोहर आफूले नेपालको सरहद नछाड्दै आई पुगोस् भन्ने पनि उनको आशय थियो। तर चतुर जङ्गबहादुरले पौषकृष्ण एकादशी सोमवारका दिन माथि उल्लेखित पत्रहरूका बारेमा लेखिसकेपछि अब म सर्वाधिकार संपन्न छु, मलाई श्री ५ सुरेन्द्रविक्रम, श्री ५ महारानी, र श्री माहिला राजकुमार सहित भएर "...तैले हाम्रा गाथ गादि ढुंगाको सोझो गऱ्याको छस् . अव उप्रांत पनि तैंले हाम्रा गाथ गादि ढुंगाको सोझो गरंजेल सम्म तँलाई षोसमोस नगर्नु तेरा जीयधन हर्ना पछि पनि नलाग्नु, जंगी निजामति परपजनी पनि विंति पारि संवत् १९०४ सालमा वुवाज्यूका र मेरा हुकुमले जो पजनी गरेस् सो थामि वक्सौंला भंन्या व्यहोराको श्री धर्म पत्रको लालमोहर गरि वक्सन्छु तैंले पनि अव उप्रान्त हाम्रा गाथ गादिको सोझो चिताई काम गरूँला भंन्या विहोराको श्री धर्म पत्र लेषि हाम्रा हजुरमा चह्रा भनि ... श्री ५ सरकार वाट हुकुम हुंदा मैले लेषि चह्राउन्या मैले चह्राञा श्री ५ सरकार वाट पनि मलाई वक्सनु भयो सोही वेहोरा श्री धर्म पत्रका व्येहोराका सवै कागजका नक्कल चह्राइ पठायाका छन् . इनै नकलले सवै विहोरा जाहेर होला . यो सवै गरायाको तैले होला भंन्या हजुरका चित्तमा पर्न जाला यो कुरा मैले विंति गरि गरायाको होइन हुकुम हुंदा हुन गयाको हो" . भनी वडो कूटनैतिक ढङ्गले राजेन्द्रविक्रमका सबै पत्रहरूको जवाफ दिएथे[१५]।

तोलादानको पर्सिपल्ट सखारै वरेवा कचहरीबाट हिंडेको यो दलले कचौरीया हुंदै औरैह्या स्थित हुलास गिरीको मठमा पुगेर विश्राम लियो। त्यहां औरह्याका महन्तले अंग्रेज लगायत हात्ती, घोडा सहित राजा रानीका लावालस्करलाई ससन्मान खाने पिउनेको उचित व्यवस्था गरेका थिए[१६]। महन्तको आतिथ्य ग्रहण पछि राजेन्द्रविक्रम कटरवनका लागि रवाना भए। यसको पर्सिपल्ट अर्थात् १९०३ साल पौषकृष्ण पञ्चमी मंगलवारका दिन ८

घडि ३२ पलाको साइतमा नेपालसरहद पार गरी भारत प्रवेश गरे । राजेन्द्रविक्रमको काशी आगमनको सूचना पहिले नै प्राप्त भएको हुंदा इष्टइण्डिया कंपनीका तर्फवाट कुवाडिमा डेरा दण्डाको राम्रो प्रबन्ध गरी दिएको थियो[१७] । संभवतः राजेन्द्रविक्रमसंग इष्टइण्डिया कंपनीका तर्फवाट स्थानीय मेजिष्ट्रेटले भेट गर्ने कार्यक्रमको साथै सरसौगातको आदान प्रदानको रिवाज त्यहीं नै पूरा गरिने तय भएको थियो तापनि काठमाडौंबाट आउनुपर्ने सामानहरू सवै आइनपुगेकाले त्यसको प्रतीक्षामा अरू केही दिन कुवाडिमा बसी श्री ५ राजेन्द्रको सवारी नारायणी हुंदै छपरा पुग्यो । छपरामा स्थानीय प्रशासनले राजेन्द्रको बसाइ र यात्राका लागि विशेष ब्यवस्था गऱ्यो । जिल्लाको सिमानादेखि नै बाजा गाजाकासाथ एक टुक्डी रिसल्ला सवारी चलाउनाका लागि तैनाथ थिए । नेपाल नरेशको स्वागतका लागि नगरको प्रवेश द्वारसम्म त्यहाँका जज र मेजिष्ट्रेट आदिको पमि उपस्थिति थियो[१८] ।

कुवाडिदेखि नै जङ्गबहादुरका विरोधीहरू राजेन्द्रविक्रमको संपर्कमा आउन थालिसकेका थिए । जसले गर्दा खड्गवहादुर कुंवर आदि भारादारहरूको निगरानी झन् झन् सशक्त हुनथाल्यो । अब राजालाई जो कोहीसँग पनि बिशेष कुरा गर्नु त्यति सजिलो थिएन । तसर्थ राजेन्द्रविक्रमलाई छपरा पुगेपछि आफ्नो सवारी चलाउन आएका एकजना अंग्रेज अफिसर सँग-सँगैको पाल्कीमा बसी बाटाभरि एकान्त गर्दै हिंड्नुपरेथ्यो[१९] । यसपछि भने राजेन्द्रविक्रम शाहको निर्वासित भारादारहरूसँग भेट्ने क्रममा अरू तीव्रता आउन थाल्यो । यसै क्रममा गोरखपुरमा बसेका प्रभु शाहलाई पनि वनारसमा भेटगर्न आऊ भनी बोलावटको पत्र गएको थियो[२०] ।

संवत् १९०३ साल पौष शुक्लषष्ठी बृहस्पतिवारका दिन छपरावाट राजेन्द्रविक्रमले वनारसका लागि प्रस्थान गरे । यसवेला सम्ममा श्री ५ राजेन्द्र र प्रधानमन्त्री जङ्गवहादुरका बिचको खाडल झन्झन् गहिरो र चौडा हुंदै गइरहेको थियो । तसर्थ राजेन्द्रविक्रम शाह महारानी राज्यलक्ष्मी र चौतरीया गुरुप्रसाद शाह आदि निर्वासित भारादारहरूको सल्लाह बमोजिम अन्य पुरांना बागीहरूलाई समेत प्रभावमा पारी जङ्गवहादुरलाई सिध्याउने योजनामा संलग्न हुन पुगे । यसै सिलसिलामा उदयबहादुर र सम्शेरबहादुर पाँडेलाई, माथवरसिंह थापा लगायतका भारादारसहित "तेरा बाबु वीरकेशर पांडेलाई मार्ने पनि जङ्गबहादुर नै हो तसर्थ म मुडको वदला मुड बक्सौला" तं डराउनुपर्दैन भनी राजेन्द्रविक्रमले खातिरदारीको पञ्जा-पत्र गरी आफ्नो पक्षमा मिलाएका थिए[२१] ।

लगभग तीन महिनाको वनारस बसाइपछि आफ्ना विशेष सहयोगीहरूको परामर्शमा श्री ५ राजेन्द्रविक्रम महारानी राज्यलक्ष्मीलाई पनि पुनः दरबारमा भित्र्याउने उद्देश्य लिएर नेपाल फर्कने तरखरमा लागे । संवत् १९०३ साल चैत्र ७ गते बृहस्पतिवार दिनको १६ घडि १५ पलाको साईतमा वनारसबाट प्रस्थान गरी चैत्रशुक्ल नवमी अर्थात् रामनवमीका दिन दरवार प्रवेश गर्नेछु तसर्थ कान्छा बडामहारानीलाई जसरी हुन्छ त्यही साईतमा नेपाल फर्काउने कामगर भनी जीवनाथ शर्मालाई राजेन्द्रविक्रमले पत्र लेखेथे[२२] । परन्तु राजेन्द्रविक्रमको यो अभियान पनि सफल हुन सकेन । निर्वासित भारादार र श्री ५ राजेन्द्रका बीच भएका सरसल्लाह र योजनाका एक एक सूचना खड्गवहादुरहरू द्वारा

प्राप्त भैरहेकाले राजेन्द्रविक्रम कुन उद्देश्य लिएर नेपाल फर्कदैछन् भन्ने कुरा पनि जङ्गवहादुरवाट छिपेको थिएन । तसर्थ रामनवमीका दिन हनूमान्ढोका प्रवेश गर्ने श्री ५ राजेन्द्रको यो योजना पनि असफल रह्यो र उनी सुगौलीमै रोकिन वाध्य भए ।

आफ्ना सारा कार्यक्रम र योजना विफल भएपछि राजेन्द्रविक्रम निकै आत्तिए । स्थितिलाई सामान्य पार्ने विचारले हामी दुईका बीचमा फाटो ल्याउने उद्देश्यले कसैले केही कुरा सुनाए पनि नपत्याउनू । मैले तँलाई केही भनेको छैन र भन्ने पनि छैन । तर भगुवाहरूले र श्री ५ कान्छा वडामहारानीले तेरा विरुद्धमा जतिकुरा मसँग गरेका छन् ती सवै म त्यहाँ आएपछि तेरा सामुन्यमा निरूपण गर्नेछु भनी सुगौलीवाट राजेन्द्रविक्रमले चैत्रशुक्ल पूर्णिमाका दिन जङ्गवहादुरलाई पत्र लेखेथे[२३] ।

राजेन्द्रविक्रम नेपाल नपुग्दै वीचैमा रोकिएको खवरले वागी भारादारहरू सुगौलीमा जम्माहुन थाले । यी विद्रोहीहरूमध्ये विशेष गरेर शाह, पांडे, थापा एवं वस्नेतहरू नै मुख्य थिए र पुराना दरवारिया हुँदा यिनीहरू प्रति राजेन्द्रविक्रम विशेष आशावादी पनि थिए । अव जङ्गवहादुरलाई सिध्याउनु सिवाय अर्को विकल्प नभएको ठहर गरी यसको उचित व्यवस्था गर्न चौतरिया गुरुप्रसाद शाह, काजी जगतराम पाँडे र रघुनाथ पण्डित आदि नियुक्त गरिए । यसमा राजेन्द्रविक्रमलाई गोपालपुरका राजाको पनि नैतिक समर्थन प्राप्त थियो[२४] । यो योजना सफल भएमा गुरुप्रसाद शाहलाई प्रधानमन्त्री, जगतराम पाँडेलाई कम्यांडर इन्चीफ र रघुनाथ पण्डितलाई वडागुरुजुको पदमा आसीन गराउन राजेन्द्रविक्रम तयार थिए । तर जङ्गवहादुरलाई नपन्छाई कुनै पनि कार्य फत्य गर्न नसकिने भएकाले उसको वध गर्नु नितान्त आवश्यक थियो । यसै कुरालाई दृष्टिगत गरी आफ्ना विश्वस्त तीन सैनिकलाई भरिएको पिस्तोल सहित जङ्गवहादुरलाई जहां भेटे पनि मार्नू भन्ने लालमोहर गरी गोप्य रूपले काठमाडौं पठाइयो[२५] । जङ्गवहादुरको हत्या गर्ने उद्देश्यले गुप्त भेषमा आएका उक्त सैनिकहरू किलागल स्थित एकजना उदासको घरमा लुकेर वसी अनुकुल समयको प्रतीक्षा गर्दै थिए । परन्तु जङ्गवहादुरका गुप्तचरहरूले शंकाका लागि उनीहरूको जीउ खानतलासी गर्दा लालमोहरसहित पिस्तोल वरामद भयो[२६] । तत्पश्चात् तिनीहरूलाई श्री ५ सुरेन्द्रविक्रमसमक्ष उपस्थित गराई केरकार गर्दा षड्यन्त्रको सारा भेद खुल्यो । षडयन्त्रको पर्दाफास भएपछि जङ्गवहादुरले विगुल फुक्न लगाई भाइ-भारादार लगायत संपूर्ण कर्मचारीलाई टुडिखेलमा सामेल हुने आदेश दिए । उपस्थित भद्रभलाद्मी सहित जङ्गी तथा निजामती कर्मचारीका समक्ष राजेन्द्रविक्रमलाई अयोग्य घोषित गरी वर्तमान युवराजाधिराज सुरेन्द्रविक्रमशाह आजदेखि नेपालअधिराज्यको श्री ५ महाराजाधिराज भएको घोषणा गरे । सेनाले जङ्गवहादुरको घोषणालाई सहर्ष स्वीकार गरी श्री ५ सुरेन्द्रको जय जयकार गऱ्यो । अतः तत्कालै राज्याभिषेकको तयारी भयो र सोही दिन अर्थात् संवत् १९०४ साल अधिक ज्येष्ठकृष्ण त्रयोदशी वुधवार राती करीव साढे आठ वजेको शुभ-मुहूर्त्तमा विधिपूर्वक सुरेन्द्रविक्रमको राज्याभिषेक गरियो । जङ्गी, निजामती र भाइ भारादारहरूले दाम राखी श्री ५ को दर्शन गरे । भारादारहरूले दोसल्ला सहित मान र खिलत पाउँदा जङ्गवहादुरले सन्तान दरसन्तान सम्मका लागि खोस मोस नहुने गरी सर्वाधिकार

सम्पन्न मुख्तियारीको लालमोहर पाए[२७] । यसको भोलि पल्ट अर्थात् १९०४ साल अधिक जेष्ठकृष्ण चतुर्दशी बृहस्पतिवारका दिन ३७० जना भाइ-भारादार र अफिसरहरूको हस्ताक्षर सहितको पत्र बृटिस लिगेसन मार्फत् इष्टइण्डिया कंपनीका गभर्नर जनरलका नाउमा पठाउने काम भयो[२८] । त्यसपछि अघिल्लो दिन पक्रिएका बागीहरूलाई शहर घुमाई विष्णुमती पारी खरीको रूखमा लगी दुईजनालाई झुण्ड्याउनाको साथै एकजना ब्राह्मणलाई जात पतित गर्दा किलागल स्थित उदासले पनि घर सर्वस्वको दण्ड भोग्नु परेको थियो[२९] ।

आफूलाई सत्ताच्यूत गरी सुरेन्द्रविक्रमलाई गद्दीआरोहण गराएको खबरले राजेन्द्रविक्रम अत्यन्त क्रुद्ध भए । यस घटनाबाट आगो भएका राजेन्द्रविक्रमले वर्तमान सरकार विरुद्ध हतियार उठाउने निश्चय गरी सैनिक संगठनको तयारीमा लागे । अब राजेन्द्रविक्रमबाट अरू बढी गडबडी उठ्न सक्ने सम्भावनालाई दृष्टिगत गरी जङ्गबहादुरले बृटिस रेजिडेण्ट मार्फत ईष्टइण्डिया कंपनीका पदाधिकारी लाई नेपाल सरकार विरूद्ध कुनै षडयन्त्र हुन नदिन आग्रह गर्दै राजेन्द्रविक्रम संगका भारादार तथा सैनिकहरूलाई क्रमशः फिर्ता वोलाउने तरखरमा लागे । यसै सिलसिलामा सर्दार करवीर खत्री, कप्तान खड्गबहादुर कुंवर तथा कप्तान धीरबहादुर कुंवर आदिलाई मोतिहारीका स्थानीय प्रशासकसंग सरसल्लाह गरी तिमीहरू आउ र आफू आउदा चोपदार, वहिदार र दुवाडि आदि लाई सीमाना सम्म फकाएर ल्याई कैद गर्नू भन्ने लालमोहर गरी पठाएथे । उता जङ्गवहादुरको अनुरोधमा मोतिहारीका प्रशासक फिलिप्सले गोपालपुरका राजाका अतिरिक्त नेपालका निर्वासित भारादारहरूलाई नेपाल सरकार विरुद्ध कुनै कदम नचाल्नू भनी राजेन्द्रविक्रमलाई पनि संझाउने प्रयत्न गरेका थिए[३०] ।

अब सैनिकहरूलाई विस्तारै विस्तार फिर्ता बोलाउने उद्देश्यले रणप्रिय पल्टनका जवानहरूलाई पर्काउन संवत् १९०४ जेष्ठकृष्ण द्वादशी मंगलवारका दिन "उप्रान्त ...१... पल्टनको पट्टी तांहां व्येकाम छ भंन्या सुनीयो तसर्थ त्यो पट्टीको तांहां काम छैन भन्या ञाहा पठाई दिन्याकाम गर..." भनी कप्तान खड्गबहादुरलाई निर्देशन दिंदै जङ्गबहादुरले पत्र लेखेका थिए[३१] । यसको साथ-साथै त्यहाँ रहेका ३०० मध्ये २०० जवानले तुरून्त फिर्ता आउनू भन्ने लालमोहरका साथै कम्याण्डर इनचीफ बाट समेत बोलावटको पत्र आएकोले भरसक सेनाहरूलाई त्यहीं नै थाम्न राजेन्द्रविक्रम प्रयत्नरत थिए[३२] । त्यसैले १९०४ द्वितीय जेष्ठकृष्ण द्वादशी बृहस्पतिबारका दिन जङ्गबहादुरलाई पत्र लेखी आफूसंगका सैनिकहरूलाई फिर्ता नबोलाउन अनुरोध गरे तापनि उनी सफल हुन सकेनन्[३३] ।

बनारसको प्रवासकालदेखि नै राजेन्द्रले जङ्गबहादुरको इतिश्री गर्ने उद्देश्य लिएर भैरवनाथमा तान्त्रिक विधिले पुरश्चरण गरी त्यहाँका राजा रजौटाहरूसँग संपर्क गर्ने एउटा अभियान नै चलाएथे । राजेन्द्रबिक्रमको पटक पटकका यस्ता क्रियाकलापले गर्दा जङ्गबहादुरलाई झन् झन् ऊर्जा प्राप्त हुंदै जान थाल्यो । जसले गर्दा सैनिकलगायत सर्वसाधारणको समेत सहानुभूति लिनुका अतिरिक्त अब राजेन्द्रलाई पञ्छाउन जङ्गबहादुरका लागि अनुकूल वातावरण बन्दै गयो । कतैबाट पनि सफलता हात नलागेपछि राजेन्द्रविक्रम किंकर्त्तव्य-विमूढ जस्तै भएर गाली गलौज र मारपिटमा समेत उत्रन

थाले[३४] । यसै प्रसंगमा १९०४ साल आषाढवदि ५ शनिश्चर बारका दिन श्री ५ राजेन्द्रले "..आगे जङ्गबहादुर कुंवर प्रति तैले आहारहूयाका सिपाहिहरूलाई चोरिगरि डाकि पठायाको चिठि राति तेरो दस्कत् पठायाको दिइगयेछ र अव देषि जार नहान्नु भनि जंङ्गबहादुर कुंवरले पल्टन्मा उर्दि सुनाया भनि जस्का हातमां तेरो छाप लाग्याको चिठि चिसापानिमा रहन्या वटुकदलका सिपाहिले दिकन यति कुरा सुनाइ रातिमै भागि गएछ. आहां रहन्यां जुनचाही मानिस्का हातमा तेरा चिठि पैल्हे पऱ्याथ्यो उसैले सव वृतान्त मेरा हजुरमा षसो षास विन्ति गऱ्यो. वौलाहा षत्रिकि स्वास्नि तैंले विगाऱ्याको सत्र पल्टन् कंपुलाइ थाहैछ...." भनी यस प्रकार पत्र लेखी जङ्गबहादुरको तेजोवध गर्ने प्रयास गरेथे । यसको जवाफमा जङ्गबहादुरले पनि संवत् १९०४ साल आषाढ शुक्ल पञ्चमी शनिश्चरबारका दिन तिमी कस्ता हौ, तिमिले केगर्न बाँकी राखेका छौ र के पो गर्न सक्छौ भन्ने आशयको पत्र लेखी अब आयन्दादेखि मलाई पत्र नलेख्नु भन्ने राजाबाट हुकुम भएको छ भन्दै राजेन्द्रविक्रमको दर्प मर्दन गर्ने हेतुले कडा पत्र लेखेर पठाएका थिए[३५] ।

आफ्ना सबै योजना असफल भएपछि अब विस्तारै विस्तार कटरवन, जलेश्वर र सिंधुली हुंदै हिउँद लागेपछि राजधानी फर्कने मनस्थिति लिएका राजेन्द्रविक्रमले आषाढकृष्ण प्रतिपदा मंगलबारका दिन सुगौलीबाट नेपालका लागि प्रस्थान गरे[३६] । चौतरिया गुरुप्रसाद शाह आदि निर्वासित भारादारहरूले तयार गरेको योजना र सैनिकहरूको विशेष व्यवस्था देखेपछि राजेन्द्रविक्रम शाह निकै उत्साहित भए । तत्पश्चात् अब जङ्गबहादुरलाई सिध्याउन सकिन्छ भन्ने आँट लिएर अलौ भन्ने ठाउँमा शिविर राखी वर्तमान सरकार विरुद्ध आक्रमण गर्ने निधोमा पुगेर त्यहीं नै बसे । केही दिनभित्रमा नै लगभग तीन हजार विद्रोही सेना सङ्गठित भैसके भन्ने खबर पाउनासाथै जङ्गबहादुरले शाहज्यादा उपेन्द्र विक्रमको नेतृत्वमा कप्तान सनकसिंहले हाँकेको गोरखनाथ पल्टन र जनरल बमबहादुरका मातहतमा पाँच रेजिमेण्ट सेना त्यसतर्फ पठाए[३७] । मकवानपुर हुंदै विसौलिया पुगेर पहिले देखि नै अलौमा धावा बोल्ने तयारीमा वसेका सनकसिंह उपयुक्त समयको प्रतीक्षामा थिए । बमबहादुरको आगमनको सूचना पाउना साथै संवत् १९०४ साल आषाढ शुक्ल पूर्णिमा अर्थात् श्रावण १४ गते बिहान चारवजे तिर सनकसिंहको मातहतमा आएका गोरखनाथ पल्टनले अलौ स्थित राजेन्द्रविक्रमको किल्लामा एक्कासि आक्रमण गऱ्यो । सुतिरहेको अवस्थामा अकस्मात् आक्रमण हुंदा शिविरमा हाहाकार भई भागदौड मच्चियो । तर पनि आक्रमणकारीहरूसँग राजेन्द्रका सेनाले एकछिन भए पनि डटेर युद्ध गरे । आखिर केही शीप नलागेपछि चौतरीया गुरुप्रसाद शाह, पण्डित रघुनाथ आदि केही भारादारहरू आ-आफ्नो ज्यान जोगाउन कुलेलम ठोकी सीमापार पुग्दा अलौस्थित शिविर पूरै ध्वस्त भयो । अब आफ्नो बूताले नभ्याउने देखेपछि हात्तीमा चढी भाग्ने तरखरमा लागेका राजेन्द्रविक्रमलाई पनि सेनाले पक्रेर आफ्नो कब्जामा लियो । तत्पश्चात् बन्दी बनाईएका राजेन्द्रविक्रम शाहलाई मियानामा राखी सेना सहित कप्तान सनकसिंह काठमाडौंका लागि प्रस्थान भए । यसरी यो आक्रमणमा सैनिक र गैह्र-सैनिक

समेत गरी लगभग तीनसय मानिसको ज्यान जानुका साथै नाटकीय ढङ्गवाट राजेन्द्रविक्रमको पतन हुंदा कोतपर्वको पनि पूर्णाहुति भयो[३८]।

## परिशिष्ट

### (संख्या १)

### कप्तान षड्गबहादुर कुंवरले जङ्गबहादुरलाई लेखेको पत्र

| श्री ५ महाराजा | श्री ५ महारानी | राज |
|---|---|---|
| १ | २ | ३ |

स्वस्ति श्री सर्वोपमा ज्योग्यत्यादि सकलगुणगरिष्ट राज भारोद्धारण समर्थ श्री प्रायम मिनिष्टर यान कम्याण्डर इनचिफ जनरल जङ्गबहादुर कुंवरका चरणतल इत श्री कप्तान षड्ग वहादुर कुंवर. श्री कप्तान धीरवहादुर कुंवरको कोटि कोटि दण्डवत्सेवा सतम् पूर्वक पत्रमिदं इतनिक तांहां पाव कुसल आनन्द रहय हामरो उद्धारण होला. आगे ञांहांको समाचार भलो छ. उप्रान्त ...१... का गाथमा आराम छ. अरूकुराको अर्थलाई जति तहांवाट सवारिमा षटाइ वक्सनु भयाका भारादार हुन ताहावाट अह्राइ वक्सनु भयाको मलाइ ...१... का जाहा सुकला हुन्छ उस जगामा सवैलाइ सुताउनु भनी आज्ञा भयाको हो. मैले कति भन्दा पनि सुत्न्या भयेनन्. औं अघिल्ला पालाका जति भाग्याका साहि पांडेहरू सिवाना देषि २ कोस पर वस्याका छन भंछन्. ...१... को सवारि हेर्नालाई मानिस पठाउदैछन्. कैले ञांहां पाल्नु होला र दर्शन गरौंला भंदछन् गरे ...१... का तोलादान वरेवा कचहरिमा हुंछ. तसै ठाउमा ३ दिं मुकाम हुंछु भनि हुकुम हुंछ. तांहांवाट कुच भै घुसवट् पावलागनु हुंछ. घुसवटमा मुकाम कति दिन हुंछ थाहा छैन. ...१... भन्या ...२... का हजूरमा सांस विहान ४।५ घडि ...३... सधै हुन्छ. एउटा २ नाल्या वंदुक जनरल सित मागि पठा भनी हुकुम भयाको छ. ...१... को २ नाल्या वंदुक पठाइ दिनु हवस्. हामी २ भाइका उपर तांहांको भन्दा ...१... को वहुत मेहरमान्गि छ. याहा काहातक लेषौ सर अप्सर माफ भया जावस्. ताहांको हालषवर अर्ति सिक्षा पठाउदै गर्नु भया वढीया होला. ईति सम्वत् १९०३ साल मिति मार्ग शुदि १४ रोज २ मुकाम विसौलिया देषि कुच शुभं- - -

खाममा:- स्वस्ति श्री प्रायम मिनिष्टर यान् कम्याण्डर इन्चीफ जनरल दाज्यैज्यू जङ्गबहादुर कूंवरका चरणतल कांतिपुर पत्र पहुंचै शुभम् – – –

सं. १९०३ सा. पौषवदि ५ रोज २ दा.

## (संख्या २)

## कप्तान खड्गबहादुर कुँवर आदिले जङ्गबहादुर लाई लेखेकोपत्र

| श्री ५ महाराज | श्री कासि | श्री नानी साहेव |
|---|---|---|
| १ | २ | ३ |

स्वस्ति श्री सर्वोपमाज्योग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारण सामर्थ श्री प्राइम मिनिष्टर यान कम्याण्डर इनचिफ जनरल दाज्यैज्यू जङ्गवहादुर कुंवरका चरणतलेषु इत श्री कप्तान षड्गवहादूर कूंवर श्री कप्तान धीरवहादूर कूंवरको कोटी कोटी दण्डवत्सेवा. सतम् पूर्वक पत्रमिदं इतनिक तंहां पाव कुसल आनन्द भया हामरो प्रतिपालन उद्धार होला आगे ञांहांको समाचार भलोछ. उप्रान्त मार्ग शुदि १० रोज ७ मा लेषि पठाउनु भयाको सिक्षापत्र ऐ शुदि १४ का दिन आइपुग्यो. हेरि विस्तार मालुम भयो जो लेषि पठाउनु भयाको सिक्षा वहुत वढियाहो. हातिको कुरालाई ञांहां देषि ३ कोष पर रहेछ. सुव्वा रत्नमानलाई भनी पठाउन्या काम गरौंला. अरूकुराको अर्थ लाइ ...१... का गाथमा आराम छ. पूर्णमासिका दिन तोला दान पनि भयो ...१...को मनसुवा भंन्या कैले ...२... जान्छु कैले जांन भनि हुकुम हुंछ. ठेगाना छैन. ठेगाना भयापछि सो माफिक विंती गरि पठाउला ञांहां वरेवा कचहरिमा ...३... संग भेट भयो र ...३... वाट हजुरमा ...२... पाउ लाग्नु नहवस. पाउ लाग्नु भयो भन्या अगरेजले छेकन्या छ भनि विंति पार्दा उसै वेलादेषि ...१... का गाथमा दुभिदा भै रहेछ. म संग जान्या होकि नजान्या हो भनि सोधनी भयाथ्यो. मैले र श्री जनरल दाजैवाट हजूरमा जो विंति पार्नु भयाको हो सो माफिक गरि वक्सनु भया वढिया होला भनि विंति गर्‍यां. याहां कहातक् लेषुं. टाडा भै रहयछु टाडा भया त पनि मेहरवान्गि रहोस्. इति सम्वत् १९०३ साल मिति पौष वदि १ रोज ५ मुकाम वरेवा कचहरि देषि कूच शुभम्- - -

फड्केमा:- ञांहां मैले गर्नु पर्न्या काजकामलाइ यो पाठसित कामगर्नु भनी आग्या भै आया सो माफिक काम गरूला.

(संख्या ३)

## जङ्गबहादुरका नामको अर्जि

| श्री ५ सरकार | श्री ५ कांछा वडामहारानी |
|---|---|
| १ | २ |

स्वस्ति श्री सर्वोपमा ज्योग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारण सामर्थ श्री प्राइम मिनिष्टर यान कम्याण्डर इनचिफ जनरल दाज्यैज्यू जङ्गबहादुर कुवरका चरणतल इत कप्तान षड्गबहादुर श्री कप्तान धिरबहादुर कुवरको कोटि कोटि दण्डवत्सेवा सतम पूर्वक पत्र मिदं इत निक तांहां पावकुसल आनन्द भया हामरो प्रतिपालन उद्धार होला. आगे ञांहाको समाचार भलो छ. उप्रान्त पौष वदि २ रोज ६ मा कचौरिया वाट हिडि औरैहय हुलास गिरिका मठ डेरा भयो. औरैहयका महन्तले ...१... लगायत् सवै लस्कर अंगरेज समेत हाति घोडालाई रसत पानि सवै जाफत् पुऱ्याया. ञाहाको डेरा कटरवना पर्न्या छ. कटर्वना २ दिन मुकाम गरि हाल कुवाडि जान्या तवर छ. रजिडंट साहेव सितको मुलाकात पनि तहि हुन्या डवल छ. दिन्या लिन्या तर्तोफा अघि पनि विंति गरि पठायाको हो. अरू संम आइ पुग्याको छैन. ञाहां चाहिन्या चीज अघि पनी विंती गरि पठायाको हो. सो वमोजिम तागिति राषि चांडो गरि पठाइ वक्सनु भया कामको अंजाम गर्दा हुं. वांकि ल्याइते ...१... मा विंति चह्राइ पठायाका लाठ साहेव आया देषि मैले कहा सम्म लिन जानु कहा सम्मको षतीर गर्नु भया अर्थलाई हामीले ...१...मा विंति पार्दा तपाईले लाठ साहेव आया भन्या थांकोट संम आउनु भाइहरूमा हेटौडा संम पठाउनु तर तांहा रजिडंट साहेव छन्. उनसित सोधनि राषि आफ्ना तजविजमा ठहराई कामको अंजाम गर्नु. भनि ...१... वाट हुकुम भै लेषि चह्राइ पठायाको छ ...२... को जगा तहां षरिद भयाको येति जगाको येति रूपैञा भन्या तपसिल वाट लेषि पठाउनु भंन्या ...१... को हुकुम भयाको छ. त्यो कागज चह्राइ पठाउनु हवस ...१... वाट तागिति हुंदा हामिले लेषि पठायाको छ. वाकि जो गुञला लेषि चह्राइ पठाउन्या काम गर्न्यै छौं. अरू कुराको अर्थलाई तहाको भंदा ...१... वाट वडो मेहर्मान्गि छ. मधेस पुग्या पछि कौन तर्हको मेहर मान्गी होला सो माफिक लेषि चह्राइ पठाउन्या काम गरौंला. याहा कहातक विंति लेषुं सरअप्सर माफ भया जावस. इति संवत् १९०३ साल मिति पौष वदि २ रोज ६ मुकाम औरैहय देषि कुच शुभम्- - -

खाममा:- स्वस्ति श्रीश्रीश्री प्रायम मिनिष्टर यार्न कम्याण्डर इनचिफ् जनरल दाज्यैज्यू जङ्गबहादुर कुंवरका चरणतल कांतिपुर पत्र पहुंचै शुभम्- - -

सं १९०३ सा पौष वदी ८ रोज ६ दा.

## (संख्या ४)
## श्री ५ राजेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई लेखेको पत्र

श्री काशी १     श्री ५ नानीमहाराजाधिराज ३     श्री ५ वडा कांछारानि २

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारनयणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजा धिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदासमर विजयिनाम- - -

स्वस्ति श्री सर्वोपमा योग्य प्राइम् मिनिष्टर यान् कम्यान्डर इन्चिफ जनरल जङ्गवहादुर कुवरके आसिक पुर्वक पत्रमिदम् इहा कुसल तांहा कुसल चाहिये आगे यहाको समाचार भलो छ . उप्रान्त कटहरवना मुकाम वाट उठि ८ घडि ३२ पला दिन चढदा सायेत्माफिक अंग्रेजि मुलुक हाल कुवाडि मुकाममा आइपुगी ञाहि रहयको छु ...१... स्नान गरी चांडो फिर्न्या काम होला भन्या जस्तो लाग्याको थियो. तर केहि दिन ढिल होला कि भन्या जस्तो लाग्द छ पछि जोजो होला लेषि पठाउन्या काम् गरिएला मेरा वाहुलि वाट लेषियाका मसौदाको कागत् अघि तं छेउ पठायाको हो. आज सम्म तेस्को जवाव किन पठाइनस्. चांडोगरि पठाउन्या कामगर. वांकि हाम्रा ...२... का जगाका अर्थ र ...३... का चिठिमा सवै विस्तार लेषि पठायाको छ. तेसैले विस्तार वुझि सो माफिक गरि पठाइ दिन्या काम गर. इति सम्वत् १९०३ साल मिति पौष वदि ६ रोज ४ हाल कुवाडि शुभम्– – –

## (संख्या ५)

## जङ्गबहादुरलाई लेखेको पत्र

**श्री नारायणि**

विंतीपत्र........................................................................................................
.......................

उप्रान्त ......वाट अंतरटेकि छपरामा आइपुग्यौं ञाहां आइपुग्याका दिन डेरै देषि साथ आउन्या रेसालाको साहेवलाइ पनी पाल्कि दी जोडै पाल्कि मिलाइ निरालाभै साहेवसंग वात्चित्गर्दै डेरै सम्म पाउलाग्नु भयो कुरा कहानि भयाको भन्या यस्तै हो भंन्या केहि थाहा पाइयेन ञाहां जज् मजिष्टर साहेव पनि सदरका किनारा सम्म इस्तक्वाल्लाइ आइ षैरफियत् सोधि डेरासम्म पुऱ्याइ वन्दोवस्त गरि विदाभै गया ञाहांका लोग दुनियांहरू पातसाहि वाजा सुन्दा वहुतै षुसिभया गोरषपुरमा प्रभुसाहालाइ वनारसमा आइपुग्नु भन्या वोलाहट्को लालमोहर लेषि जांछ अतपर जो गुजरला लेषि चह्राइ पठाउन्या काम गरूला

विज्ञषु इति सम्वत् १९०३ साल मिति पौष सुदि ५ रोज ४ मुकाम छपरा भोली चली चलाउ शुभम्.................................
**खाममाः-** स्वस्ति श्री ३ प्राइम् मिनिष्टर यान कम्यान्डर इनचिफ जनरल जङ्गबहादुर कुवर ज्यूकैषु विंतीपत्र कांतीपूर पहुचै. शुभम्
सं १९०३ साल पौष श्रुदि १४ रोज ५ दा.

### (संख्या ६)[३९]

### श्री ५ राजेन्द्रको पञ्जापत्र

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्रविक्रम साह वहादुर सम्सेरजङ्गदेवानां सदासमर विजयिनाम्.........

आगे श्री प्राइममिनिष्टर यान कम्याण्डर इनचीफ जनरल माथवर सिंह थापालाई मार्न्या पनि जनरल जङ्गबहादुर हो पछि कोतमा भैयाद श्री फत्यजङ्गसाह. काजी दलभंजन पांडे लाई मार्न्यापनि त्यहि हो त्यसै हुलमुलमा तेरा वाबु कपर्दार वीरकेशर पांडेलाई मार्न्या पनि जनरल जङ्गवहादुरै हो. हामी...१४.... सरकारको वित्यास पार्न्या पनि त्यहिहो . हाम्राहजुरमा आई कर्णेल रणउज्वल सिंह थापाले विन्तिगोचर गर्दा यो कुराको निरोपण र मुडको मुड वदला वक्सुला भनि उदै वहादुर शंसेर वहादुर पांडेलाई खातिर दारीको र अभयको पञ्जा गरी वक्स्यौ इति सम्वत् १९०३ साल मिति फागुन वदि ५ रोज २ शुभम् ...............................

### (संख्या ७)

### श्री ५ राजेन्द्रलाई जीवनाथ शर्माको पत्र

| श्री विन्धवासिनी | श्री काशी | श्री ५ वडा कान्छा महारानी |
|---|---|---|
| ३ | १ | २ |

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमानमानोन्नत श्री मन्महाराजा धिराज श्रीश्रीश्रीश्रीश्री महाराज राजेन्द्र विक्रम शाह वहादुर सम्सेरजङ्ग देवेषु सदासमर विजयिषु.

जीवनाथ शर्मण शुभाशीर्वाद पूर्वकम् पत्रमिदम्. हजुरका पुण्यप्रतापले इहां कुशल छ. तहां हजुरको गात सदा सर्वदा कुशल रहय ..... प्रतिपालन होला. आगे इहांको समाचार भलो छ. उप्रान्त चैत्रवदि ६ रोज ५ का दिन पठाइ वक्सनु भयाको लालामोहर चैत्र वदि

३० रोज ३ कादिन आइपुग्यो. हुकुम सिरचढाइ अर्थ विस्तार विदित गरि मनमा वडो आल्हाद भयो. हाम्रा ................ को चैत्रका ७ दिन जांदा वृहस्पति वारका दिन १६ घडि १५ पला जांदामा ...१... वाट कर्नौल तरफ आउन्या साएत ठहऱ्याको छ. सायतको पूर्जि पनि ........ का चिठिमा षामी वक्सि पठायाको छ. तसर्थ...........कर्नौल तरफ आउन्या सायत गरि प्रस्थान गऱ्यां भन्या षवर तहांवाट आउनी वित्तिकै उहिं सायत गरि म सरासर नेपाल गै चैत्र शुदि ९ रोज गुरू पुण्यका दिन दर्वारमा प्रवेश गर्न्या सायत ठहरियाको छ. तेसै सायतमा म दर्वार मा अवश्य प्रवेश गरि वक्सन्या छु. तांहावाट पनि ..... लाइ हजूर वाट कर्नौल तरफ पाउलागी वक्सनु भया सवतरहले वढिया हुन्या छ. इहां राजगर्नु कदाचित वढिया छैन भन्न्या पाठ संग वहुत तरहले समझाउन्या काम गर्नु भै तेहि साइतमा सवर्धा ताहा वाट चलाउन्या काम गरि दिनु भया वढिया होला. भनि हुकुम भै आएछ ...२... का हजुरमा अस्ति सोमवारका ४।५ घडि दिन वांकी रहदामा सवारी भै नाउको वाटो ...३... को दर्शन निमित्त पाउ लाग्नु भयाको छ. नवरात्र उहीं राज गर्नु हुंछ भंन्या सुनिंछ. उता वाट फिरि वक्सनु हुनि वित्तिकै हजूर वाट हुकुम भया माफिकका सव कुरा ...२... का हजूरमा विन्तिगरि जो भयाको विस्तार हजूरमा विन्तिगरि पठाउन्या काम ........विज्ञ प्रभुषु किमधिकम् मिति इति सम्वत् १९०३ साल मिति चैत्र सुदि ३ रोज ६ शुभम्................

## (संख्या ८)

## जङ्गबहादुरलाई श्री ५ राजेन्द्रको पत्र

श्री ५ वडा कांछा रानी
३

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमानमानोन्नत श्री मन्महाराजा धिराज श्रीश्रीश्रीश्रीश्री महाराज राजेन्द्र विक्रम शाहबहादुर सम्सेरजङ्ग देवानाम् सदासमर विजयिनाम्.........

आगे वनारसमा जांदा र फर्कदामा जति भगुवाहरूसंग भेट हुंदामा उनीहरूले म संग कुरा गऱ्याको छ तती कुरा मेरा ...३... ले भुसवटवाट वनारस संम मेरापाउ रषवारीमां जांदा जती कुरा म संग जांदा गऱ्याका छन् सवै कुरा म त्यो ढड्डामा सहि पारी आया पछि मेरा मुहार वाट तं संग सवै वीस्तार गरूंला मेरो कुरो तं संग तेरो कुरो म संग नभयाको वनाइकन छोटा मानीस ल्याउदछन् पत्याउनु छैन मेरा मुषले तेरा घटीया हुन्या कसै संग भन्याको पनी छैन भंन्या पनि छैन. आहांवाट भनी पठाउन्या कुरो छैन. मेरा मुषले तं संग भन्नु पर्न्या छ. मिति चैत्र सुदी १५ रोज ४ मुकाम सुगौली शुभम्...................

(संख्या ९)

## खड्गबहादुर कुंवरले जङ्गबहादुरलाई लेखेको पत्र

| | | |
|---|---|---|
| श्री कासि | श्री ५ सरकार | श्री गुरूज्यू |
| ३ | २ | १ |

स्वस्ति श्री सर्वोपमा ज्योग्यत्यादि सकल गुणगरिष्ट राजभारोद्धारण सामर्थ श्रीश्रीश्री प्राइम मिनिष्टर यान् कम्याण्डर इनचिफ् जनरल जङ्गवहादुर कुवरका चरणतलेषु इत श्री कपतान षड्गवहादुर कुंवर श्री कपतान धीरवहादुर कुंवरको कोटि कोटि दण्डवत्सेवा सतम्. पूर्वक पत्रमिदं इतनीक तांहा कुसल आनन्द भया हामरो प्रतिपालन उद्धार होला. आगेत्र्यांहाको समाचार भलो छ. उप्रान्त अरू सवै कुराको विस्तार भंन्या हात पठायाका चीठीले मालुम होला. प्रथम जेष्ट श्रुदि ६ रोज ५ मा लेषियाको सिक्षापत्र पनि ऐ शुदि ९ रोज १ का दिन आइपुग्यो हेरिविस्तार सिर चह्नात्र्यां लालमोहर पनि आइपुग्यो. सिरचह्नात्र्युं आउनाको तजविज गर्छौ त्र्याहांका साहेवको सल्लाह लि आउ भंन्या लेषि आउदा साहेव संग म र सर्दार गै वुझाउदा ५।६ दिन सवुर गर म पनी संझाइ दीउला विदा भै जानु वढिया भंन्या सल्लाह फिलिप साहेवले भन्या काला पांडे र चौतरिया गैह्र भगुवाहरूलाइ पनि मोतिहारि कचहरिवाट साहेवले डाकि पठाइ राषेछ. गोपाल पुरको राजालाइ पनी मोतिहारि जानु भंन्या आयो र गया वुढा...१... लाइ पनी ...२... वाट वोलावट भै आज ५ दिन भयो ...३... वाट हीडय. तांहांवाट हामिहरूका नाउमा वोलावटको लालमोहर आयाकोमा छातावाल चोपदार गैह्र मानिसलाइ फुल्याइ ल्याई सिवाना भित्र ल्याउनु र भित्र पस्यापछि पक्रि ल्याउन्या कामगर्नु भनि लेषि आउनाले त्यो मोहर ...२... मा देषाउनु होवैनकि भंन्या मनमा लाग्दा र साहेवले ५।६ दिन रहि विदा भै जानु भन्नाले साविक वमोजीम फलाना फलानाले वस्नु फलाना फलानाले आउनु भंन्या मात्रै लेषि लालमोहर पठाइ दिनु भया हामिहरूलाइ सुविस्ता पर्ला भंन्या मनमा लागि लेषी चह्नाइ पठायाको हो. विदा हुंदा अवस्य रिसानि पनि हुन्या छ. मार पिट पनि वाहुलिवाट होला भंन्या भै लाग्छ. हामि र तांहांका सल्लाह वाहेक छैनौ. पिता तुल्य हुनुहुन्छ जो आज्ञा. मालिकको सोभाउ र विचित्रै छ. गोपालपुरका राजालाइ मोतिहारि जान नपरोस् मेरा तरफवाट भंनु भनी हुकुम हुंदा भंन गर्‍यांथ्यौं मेरो केहि लाग्दैन. भंन्या जवाफ् दियो. गैह्र भगुवालाइ हाम्रा पाहाडियाको इनसाफ म गरूला भंन्या कुरको तजविज हामि माथि छ. जौन साहेव संग होला जवाव सवाल गरूला. नत्र्यां रकम गरि हुन्या छैन भनी रिसानिको तवर पनि हुंछ. हामिहरू माथि वातवातमा रिसानि छ. मनमा भंन्या कसो होला भंन्या फिक्रि पनी देषिन्छ सवै कुरामा जान्या हुनु हुन्छ. सवै विचारि ...२... तांहांको वियत रहन्या र तपांइलाइ जस रहि हामि सवैको रक्षा हुन्या कुरागरि वक्सनु पर्छ. याहां कांहांतक लेषुं सर अप्सर माफ र अर्ति शीक्षा पठाइ वक्सनु

भया वढीया होला. इति सम्वत् १९०४ साल मिति प्रथम जेष्ठ शुदि १० रोज २ मुकाम सुगौली शुभम्.......................................

**फड्केमा:**-चोपदार वहिदार दुवाडिहरूलाइ पकृल्याउनु भंन्या मोहरमा परिनआवस्. मोहरमा परीआया इनहरू चंकन्या छन्. तसर्थ मोहरमा नपरोस् येस कुरको तजविज ञाही गरूंला.

**खाममा:**-स्वस्ति श्रीश्रीश्री प्राइम मिनिष्टर यान् कम्याण्डर इनचिफ जनरल जङ्गवहादुर कुंवरका चरण तलेषु कांतिपुर पत्र पहुंचै शुभम्............................
सं. १९०४ सा. वैसाष वदि २ रोज ६ दा.

**(संख्या १०)**

**श्री ५ राजेन्द्रविक्रम शाहलाई जङ्गबहादुरको पत्र**

श्री ५ महाराजधिराज

वांकि काजि हिरालाल ऱ्मालाइ पाव रषवारिमा लैजाइ वक्सनु भयो भन्या ञाहा कंपुको दफतर र मेगजीनको काम सवै अलपत्र पर्न जान्या छ ञाहा हामि सवै कुंवरै मात्र छौं . सल्लाह वातलाई पनि चाहिंछ ........ वाट पनि मेराहजुरमा आउनु भनि हुकुम हुन्छ . तस निमित्त काजि हिरालाल ऱ्मालाई नलगी वक्स्या जाला शुभम् – – – – –

| | | | |
|---|---|---|---|
| श्री ५ वुवाज्यू | श्री ५ नानि महाराजाधिराज | श्री ५ महाराजाधिराज | श्री ५ वडा कान्छा महारानी |
| ९ | १ | २ | ४ |
| श्री ५ वडा कान्छा मुमाज्यू | श्री ५ महारानी | श्री माहिला साहेवज्यू | श्री पशुपति गुह्येश्वरी |
| ५ | ६ | ७ | ८ |
| | श्री धर्म | श्री ५ सर्कार | |
| | १० | ३ | |

अर्जि ..........................................................................................................
उप्रान्त मार्ग शुदि १३ रोज २ पौष वदि १ रोज ५ का मितिमा वक्सीयाको लालमोहर ये वदि ४/६ रोज ३ /१ का दिन आइपुग्यो लालामोहर सिर चह्राञ्या लाट आया भन्या ...१...

लाइ आधा फरस सम्म सवारी चलाउन्या काम गर्नु भन्या र साहवानहरूसंग भेट मुलाकात हुंदा कामको अंजाम हेरि तैले लेखि चह्राइ पठाया वमोजिम गरि वक्सौंला षरिताको जवाव लेषनालाई केहि जरूरत छैन भन्या हाल लेषनु पर्दैन पछि जो ठहर्ला सो गरि वक्सौंला तांहांको हालसुरत हरहमेसा लेषि चह्राई पठाउदै रहनु भया सेवकका उपर मेहर वान्गी पूर्वक शिक्षाको हुकुम वक्सीसभै आयाका अर्थ योग्य हुकुम भै आएछ हुकुम वमोजीम मनराज़का लाट आया भन्या ...२...का हजुरमा विंति पारि आधा फरस सम्म चलाउन्या काम गरूला ञाहाको अर्थ ...२... अरू ...३...का गाथमा सव तरहले आराम हुनु हुन्छ. वषत वषतमा पूजा ज्यूनार सुकला गरि वकसनु हुन्छ छोटो वडो जस्तो सुकै काम परि आउदा पनि ...२... का हुकुम वमोजीम काम चल्दछ ...४...का हजुरमा जांदा सगि ली जानु उसै नजानु . कायेल नामा नभै कसैलाई नविगार्नु भन्या लालामोहर गर्नु भन्या वाहुली वाट लेषि वक्स्याको फर्द आई पुगी हुकुम भया वमोजीमका मानिस राषि ...२... का हजुरमा नजर गराउदा ...५... का हजुरमा जांदा संगीली जानु उसै नजानु भन्या व्येहोरा लेषियाको रहेछ . अर्काका मुलुकमा राजगर्नु भयाको हुनाले येस्ता थितिका मोहर हुन जांदा हलुको पर्न जान्छ . हाम्रा सिवाना भित्र पाव लाग्या पछि यो मोहर गर्नु वढियै छ . पछि होला भनि हुकुम हुंदा त्यो मोहोर हुन गयेन हाम्रा सिवाना भित्र पाव लागी राजगर्नु भयापछि उसै वषतमा विंतिपारि लाल मोहर गराउन्या काम गरूला कायेलनामा नभै कसैलाई नविगार्नु भंन्या कुराको हुकुम भै आयाका कुरालाई यो कुरा वढियै हो मोहर गर्नु भंन्या हुकुम भै लालामोहर भै ञाहा रहये उस्को नक्कल चह्राइ पठायाको छ . जाहेर होला चौतरिया विरविन्द पराक्रम साहलाई दर्माहामा चौतराई वक्सनु भै ञाहा हजुरमा दर्सन गर्नुभयो ताहा हजुरका दर्सन भेटका रूपैया चह्राइ पठाउनु भंन्या हुकुम भयाको छ चौतरिया वाट चह्राई पठाउनु होला फेरि वाहुलीका अक्षरले लेषि वक्स्याको फर्द आई पुगी नजर गराउन्या काम गऱ्यां . गोषा सम्मान थापा रणसेर षत्री जगत्सी वस्न्यात् र इन्हरूका षलक भुरमन्जोसि इन्हरूलाई हाम्राजगामा पनि घुसवटमा पनि ...४...का चाकडिमा नरहनु भंन्या लेषियाको रहेछ . येस कुरालाई कस्का नाउमा प्रति गरि यो मोहर गर्नु ...४... का नाउमा भनि हुकुम हुंछ . भन्या वाहालाई येति मानिस चाकरिमा नराषनु भनि हजुरवाट हुकुम भया पुगी जान्छ . अरूका नाउमा प्रति गरि मोहर गरौं भन्या हाम्रा सिवाना भित्रलाई येति मानिसलाई रहन नदिनु . फेलापऱ्या भया पक्री नेलठोकि ञाहा सोधि पठाउनु भंन्या ७ सुवाका नाउमा उर्दिको दसषत पठायाको छ . रहन पाउन्या छैन . विराना मुलुक्का थानेदारहरूका नाउमा प्रति गरि गरौं भन्या दस्तुर पनि होईन मान्या पनि छैन . जो हुकुम्

सप्तरि महुत्तरी वाहिक् १५ हज्जार उठति हुन्या जगाको मोहरका कुरालाई अघि सप्तरि महुत्तरि लगायेत् पसन्द भयाका जगामा सालको १५ हज्जार उठति हुन्या जगा विर्ता वक्सौं भंन्या व्यहोराको लालमोहर ...४... का हजुरमा सौपियाको छ . हजुर्वाट हुकुम आउनी वित्तिकै त्यो अघि चह्रायाको मोहरमा सप्तरि महुत्तरि भंन्या विर्ता लाई वंद भयाको जगा पर्न गयाको रहेछ .सप्तरि महुत्तरि वाहेकका जगामा कौन जगा पसन्द आउछ सो जगा लेषी पठाई वक्स्या उसै जगामा सालको १५ हजार उठति हुन्या जगाको वींति पारि मोहर

गराई चह्राई पठाउला भंन्या विहोरको अर्जि लेषि चह्राई पठायाको छ फलानु जगा भंन्या पसन्द भै आया पछि विंति पारी मोहर गराउन्या काम गरौंला सप्तरि महुत्तरिमा कसैलाई विर्ता नदिनु भंन्या थिति भयाका कुरालाई सप्तरि महुत्तरि त क्या हजुर्व्हा पावलागी नवक्सन्ज्याल हाल संकल्प भयाका विर्ताको पनि सात जिल्ला भरमा सांध लाग्न्या छैन .अघि वाहुलीवाट लेषि आयाका फर्दमा पहाड मधेसका किनारका नगीचका जगामा साल्को ५ सय उठन्या जगामा दर्वार वनाई वक्सनु भंन्या लालमोहरका कुरा लाई जगाको पसंन्द गरि वक्सी फलाना जगामा दर्वार वनाउछु भंन्या...४... का हजुरवाट लेषिआया पछि उहि जगामा मोहर गराई पठाउन्या काम भया वढिया होला कि भंन्या चित्तमा लाग्दछ. जो हुकुम वांकि ...२...६...३...र ...७...वाट पौष वदि ८ रोज ६ का दिन ...८... मा सवारि गरि वक्सनु भै उसै दिन तैले हाम्रा गाथ गादि ढुंगाको सोभ्मो गर्‍याको छस् . अव उप्रांत पनि तैले हाम्रा गाथ गादि ढुंगाको सोभ्मो गरंजेलसम्म तलाई षोसमोस नगर्नु तेरा जीयधन हर्ना पछि पनि नलागनु जंगी निजामति पर पजनी पनि विंति पारि संवत् १९०४ सालमा ...९... का र मेरा हुकुमले जो पजनी गरेस् सो थामि वक्सौंला भंन्या व्यहोराको ...१०... पत्रको लालमोहर गरि वक्सन्छु तैले पनि अव उप्रान्त हाम्रा गाथ गादिको सोभ्मो चिताई काम गरूला भंन्या विहोराको ...१०... पत्र लेषि हाम्रा हजुरमा चह्रा भनि सवै ...३... वाट हुकुम हुंदा मैले लेषि चह्राउन्या मैले चह्रान्या ...३... वाट पनि मलाई वक्सनु भयो सोही वेहोरा ...१०... पत्रका व्येहोराका सवै कागजका नक्कल चह्राइ पठायाका छन् . इनै नकलले सवै विहोरा जाहेर होला . यो सवै गरायाको तैले होला भंन्या हजुरका चित्तमा पर्न जाला यो कुरा मैले विंति गरि गरायाको होइन हुकुम हुंदा हुन गयाको हो . लेषतामा उचनीच पर्न गयाका कुरामा माफ वक्स्या जाला किमधिकं विज्ञवर प्रभु चरणेषु ईति संवत् १९०३ साल मिति पौष वदि ११ रोज २ मुकाम कांतिपुर शुभम्– –सेवक जङ्गवहादुर कुंवर कस्य कोटि साष्टाङ्ग दंडवत्सेवा-सेवा शुभम्...............................................

खाममाः- स्वस्ति श्रीश्रीश्रीश्रीश्री मन्महाराजाधिराजका चरणतल अर्जि पत्रं कटरवना रस्ता पहुंचै शुभम्...

## (संख्या ११)

## बृटिस रेसिडेण्ट संग भएको कुरा

१९०४ साल मीती द्वीतिय जेष्ट श्रुदि ८ रोज १ मा मलाई संतान दर्सन्तान सम्म मोपत गरी षोसमोस गर्‍यां छैन भनि पट्टागरी वक्सनु भयाको रूक्का श्री ३ साहेवलाई देषाई ल्याउनु भनि श्री ३ प्राईम मीनीष्टर याण्ड कम्याण्डर इनचिफवाट आज्ञा हुदा देषाउन लैजादा कुरा कहानी भयाको ६।७ घडी दिन वांकीछदा कप्तान षड्गबहादुर कुंवर कप्तान धीरबहादुर कुंवर सर्दार करवीर षत्री मीर मुन्सी लक्ष्मीदासलाई तीमीहरू रजीडन्ट साहेव छेउ गै मेरा

तर्फवाट वहुत वहुत सलाम र मीजाज पुछि साहेवले तुर्क साहेवहरूको कप्तान फिलीफ साहेवलाई वहुतै वडिया गरी लेषीदियाको रहेछ हाम्रा भाइहरूलाई जुनकुराले आराम हुन्थ्यो औ केही षतरा आउन्नथ्यो सोकुरा गरीदिदा म सवै तरहले सुकरगुजार छु तसर्थ मेरातर्फवाट याद दास्तका नीसानी नीमीत्त सुनले वांधेको सुनका सिक्री समेतको रूद्राक्ष १, चार कान्या तासको टोपी १, वुट्टाखालको वषु १ कप्तान साहेव छेउ पठाइ दिया वढीया होला औ अघि श्री ५ महाराजाधिराज गादिमा राज भयापछि अर्कोहुकुम मान्दैनौ ञाहाको हुकुम वमोजिम कामगरौला भनि सवै छोटा वडाले सहि दस्षत गरीदियाका ढडाको नक्कल साहेवलाई दियाको हो योचाहि ढडामा श्री ५ महाराजधिराजलाई गादि दिनामा सवैको सल्लाहले हो कसैले अर्कोतरह नगर्नु जसले गर्दछ उसलाई जात अनुसारको सजाय सर्वस्वगर्नु भन्या वेहोरा भयाको श्री ५ महारानी गुरू प्रोहित मोषतार गैह्र सवैका दस्तषत सहि भयाको ढडा र आज श्री ५ महाराजा धिराज वाट मलाई सन्तान दरसन्तान सम्म मोषत्यारी षोसमोस गर्न्याछैन भनि पट्टागरी वक्सनु भयाको र श्री ३ महारानीवाट पनि सदा वमोजिमको मद्दत गरी वक्सनु भयाको रूक्का ३ साहेवलाई देषाई ल्याउनलाई साहेवलाई षरीता गयाको ढेरैदिन भयो साहेवले दर्वारमा आउनु कैल्हेहुन्छ भन्या कुरागर्न जानु भनि श्री प्राइम मीनिष्टर यांड कम्यान्डर इनचीफवाट आज्ञाहुंदा मीर मुन्सीलाई दस्तुर वमोजिं षवरका निमित्त अघिपठाई काजी षजान्ची सर्दार कप्तानहरू वगीमा सवार भै रजीडन्टी कोठीमा जादा वडासाहेव र डाक्टर लोगनसाहेव कमरावाट निसकी दस्तुर वमोजिं काजी कप्तान सर्दार संग वगलतीर भै हात समाई कमराभित्र ल्याई कुर्सिमा वसाया पछि दुवैतीरवाट कुशल प्रश्नभैसक्या पछि श्री प्राइम् मिनीष्टर साहेव वाट आग्यागरी पठाया वमोजिंको सवै कागजहरू र लाट साहेवलाई गयाका षरीताका कुराको विस्तार काजी कप्तानवाट गर्दा साहेवले इ सवै कागतहरू म एकफेराहेरी नक्कलली ताहापठाई दिउला षरीताको जवाव चांडै आउन्याछ भंन्याकुराको जवावगर्दा काजी कप्तानले रूषसत चाहदा अत्तर दी दस्तुर वमोजिम अंकमालगरी रूषसतभै वगीमा सवार भै आई सवै वीस्तार श्री जनरल साहेव छेउ वीन्ती गर्‍या शुभम्

(संख्या १२)

## खड्गबहादुर कुवरले जङ्गबहादुरलाई लेखेको पत्र

| | |
|---|---|
| श्री रणपृय<br>१ | श्री ५ महाराजा<br>२ |

स्वस्ति श्री सर्वोपमा जोग्यत्यादि सकल गुणगरिष्ट राजभारोद्वारण सामर्थ श्रीश्रीश्री प्राइम मिनिष्टर यान् कम्याण्डर इनचीफ जनरल दाज्यैज्यू जङ्गवहादुर कुंवरका चरण तलेषु इत श्री कपतान षड्ग वहादुर कुंवरको कोटि कोटि दण्डवत्सेवा सतम्. पूर्वक पत्रमिदं

इतनिक ताहा पाउ कुशल आनन्द भया हमारो प्रतिपालन उद्धार होला आगे ञाहाको समाचार भलो छ. जेष्ट वदि १२ रोज ३ मा लेषियाको सिक्षा पत्र ऐ वदि ३० रोज ६ का दिन आइ पुग्यो हेरि विस्तार मालुम भयो. उप्रान्त...१... पल्टनको पट्टी तांहां व्येकाम छ भंन्या सुनीयो तसर्थ त्यो पट्टीको तांहां काम छैन भन्या ञाहां पठाई दिन्या काम गर. भनी लेषिआयाका अर्थ ...२... का हजुरमा विंति गऱ्याथ्यां औलो छ. असारका दिन जांदा कटर्वना पाउलागि वक्सौंला र थामन्या थामौंला वदला गर्न्या वदला गरौंला भनी हुकुम भयो विदा वक्सनु भयेन. अरूकुराको विस्तार हीजो चह्वाई पठायाका पत्रवाट मालुम होला पछी परि आयाका कुरा र पछि लेषी चह्वाइ पठाउन्या काम गरूंला याहा काहांतक् लेषुं अर्ति सिक्षाको मेहरमानगि सदा रहदै रहृया सिक्षा माफिक काम गरौंला. इती संवत् १९०४ साल मिति अधिक ज्येष्ट श्रुदी १ रोज ७ मुकां सुगौली शुभम्.........................................

## (संख्या १३)

## श्री ५ राजेन्द्रविक्रम शाहले जङ्गबहादुरलाइ लेखेको पत्र

श्री नानीमहाराजाधिराज

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराजे राजेन्द्रविक्रम साह वहादूर सम्सेर जङ्गदेवानां सदासमर विजयिनाम्....

स्वस्ति श्री सर्वोपमा योग्य श्री प्राइम मिनिष्टर यान कम्यांडर इनचिफ जनरल जङ्गवहादूर कुंवरके आशीष पूर्वक पत्रमिदम्. ञाहां कुशल तांहां कुशल चाहिए आगे ञाहांको समाचार भलो छ. उप्रान्त ताहांवाट मेरो सवारी हुंदामा मेरा पावरषवारीलाइ षटाइ पठायाका तिन्सय सिपाहि हुन. सय जवानले रहनु दुइसयले आउनु भन्या......वाट वोलाहटको लालमोहर र तेरो चिठि आयाको रहेछ र हामीलाइ एस्तो लालमोहर र चिठि आएछ हामीलाइ त विदा वक्सनु भया जांदाहौं भंन्या पल्टनले विंतिगर्दा म वाट .......का हजूरमा र श्री प्राइम् मिनिष्टरलाइ लेषि पठाइ वक्सुला. तिम्हेरूले मेरा पाव रषवारीमा रहनु पर्छ भनि हुकुम वक्स्यौं. ताहा तैले पनि .......का हजूरमा विंतिपारी एति तिन्सय सिपाहिलाइ तिम्हेरूले ताहिं पाव रषवारीमा रहनु भंन्या वेहोरको लालमोहर र तेरो चिठि पठाइ दिया वढिया होला. नतर दुइसय सिपाहिलाइ विदा वक्सौं भन्या. चोकि पहरालाइ पनि पुग्न्या भएन. एस् कुरामा .....का हजूरमा राम्रा पाठ संग विंतिपारी सम्झाइ सर्वथा लालमोहर र तेरो चिठि चांडो पठाउन्या काम गर. इति सम्वत् १९०४ साल मिति द्वितीय जेष्ठ वदि १२ रोज ५ मुकाम सुगौली शुभम्.......................................................

(संख्या १४)

## संवत् १९०४ को जङ्गबहादुरका नामको पत्र

श्रीराजदल
४

श्री ५ सर्कार
१

अर्जी..................................................................... ............................................
उप्रांत वोलाहाटको मोहोर आयेछ स्रीरचह्नाई १ मा विंति गरि विदाको दर्सन गरि हिडदा १ वाट छेकि वाहुली वाट वन्दुक षोसि फिराई वक्सनु भयो . सातादिनमा तिमिहरूलाई विदा दिनु पर्न्या भया विदा दिउला वस भन्या मोहोर आया वसौला भन्या हुकुम भयो र १ मा हटगरि मुग्लानामा जवरजस्ति गर्न सकीयेन जस्तो कप्तान लाई भयाको थियो तस्तै हामि चार ज्मादारलाई भईरहेछे. कुन पाठ गर्न्याहो अर्ति सिक्षा गरि वक्स्या वढिया होला ...४..का ज्मादारको कोटि कोटि सलाम सलाम सलाम शतम् ३ शुभम् १९०४ साल दुतिया वदि ३० रोज १ शुभम्.........................................................

खाममाः- स्वस्ति श्री प्राईम मिनिष्टर यान् कम्यान्डर इनचिफ जनरल जंगवहादुर कुवर साहेवका चरणतल अर्जी पत्र नेपाल कांतिपुर पौंचये शुभम्

(संख्या १५)

## जङ्गबहादुरलाई श्री ५ राजेन्द्रको पत्र

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्रीश्रीश्री महाराज राजेन्द्रविक्रम साहवहादूर सम्सेर जङ्गदेवानाम् सदा समर विजयी नाम्........................

आगे जङ्गबहादुर कुंवर प्रति मेरो सवारि आषाड शुदि १ रोज ३ का दिनका रात्रिमा जलेश्वरमा राजगर्न पाउ लागि वक्सन्या छु. उतावाट सिंधुलिमा आइ राजगर्दछु वर्षा भरि सिंधुलिमा राजगरि मंसिरमा सरासर नेपाल पाउ लागि वक्सन्या छु.. जलेश्वर कचहरि घरमा मलाइ राज गर्नालाइ तयारि गर्नला. इति सम्वत् १९०४ साल मिति आषाड वदि १० रोज ४ मुकाम सुगौलि शुभम्....................................................

खाममाः- जंगबहादुर कुंवरके नेपाल कांतिपुर पौंचै शुभम्
सं. १९०४ सा. आषाड शुदि २ रोज ४ दा.

## (संख्या १६)

## जङ्गबहादुरले राजेन्द्रविक्रम शाहलाई लेखेको अर्जि पत्र

श्री रामचन्द्र ५

श्री ५ महाराजाधिराज १ श्री ५ महाराजा पृथ्वीनारायण साह २
श्री ५ वुवाज्यू ६ श्री ५ सर्कार ४ श्री ५ महारानी ३

अर्जि........................................................................................................................

उप्रान्त आषाढ वदि १४ रोज १ का दिन वक्स्याको लालमोहर ये श्रुदि ३ रोज ४ का दिन आइपुग्यो. अर्थ सिरचह्राञ्या. उप्रान्त पन्द्र हजार रूपैया मोहर चांडो मेरा हजुरमा चह्राई पठा भंन्या शिक्षाको हुकुम भै आयाका अर्थ अघि येस्कुराको हुकुम भै आउनी मात्र...१...का हजुरमा विंति पार्दा फलाना जगामा राज गरि व्रक्सन्छु. भंन्या निश्चय आया पछि पठाई दिनु भंन्या हुकुम हुंदा ढीलाहुन गयाको हो. फलाना जगामा राजगरि वक्सन्छु. मैन्हा वारी येति षर्च पठाई दिनु भंन्या ञाहा...१...का हजुरमा लेषि पठाइ वक्स्या. ञाहा हजुरमा मैन्हावारि षर्च चलाई दिउं भंन्या विंति पारि मैन्हावारी षर्च चह्राई पठाउन्या काम गरूला १५ हजार रूपैयाको हुकुम भै आयाका कुरालाई र ञांहा हजुरमा विंति परि मधेस सुवाहरूका नाउंमा तनुषाहको लालमोहर भै गयाको छ. सुवाहरूले ज्मा गरि हजुरमा चह्राई पठाउन्या काम गर्नन. जंगवहादूर भंन्या नाउमात्र लेषि वक्सनु भयेछ. श्री प्राइम मिनिष्टर यान भंन्या किताव लेषि वक्सनु भयेनछ मानमा कोहि षडा भया देषि किताव जान्छ मेरो दम छनज्याल मेरा मानमा रूपैया राषनत या नेपालमा र या मुगलानामा या मेरा सामने या मेरा पिठीञापरी कोहि जन्म्याको पनि छैन. जन्मन्या पनि छैनन्. यो वुझि वक्स्या जावस् तस् निमित्त मान किताव ता टाढैछ . भंन्या गुलामले देष्याको छु हजुरको चाकरहुं. वा मलाई मेहर वानगी हवस् वा अरू कसैलाई हवस्. मलाई मार्ना निमित्त लालमोहर पठाइ वक्सदा पनि मरिन तांहा हजुरवाट मेहर वानगी भयाका मानिसले पनि मुषत्यारिमा रूपैया राष्या भंन्या कुरो सुनिदैन. हजुर वाट मेहेरवानगी भया पनि केहि हुन्या रहेनछ मेहेरवानगी नभया पनि केहीहुन्या रहेनछ मैले हजुरका गाथ वचाउनाले मेरो किताव छुट्टिकन नाउमात्र लेषि आयो. माथवरसिंले तवेलामा आफ्ना हातले अंडा देषाउदामा उस् रिझले तीर्थराज पंडितका चिठिमा किताव समेत्को नाउ आयापछि हजुरको सपाऱ्या पनि केहि हुन्या रहेनछ विगाऱ्या पनि केहि हुन्यारहेनछ भंन्या गुलामको चित्तले देषि रहेछ हजुरका षिजमत्मा रहि चिठि पत्रको मस्यौदा गर्न्या उमराउहरू साह्रै कच्चा रहयछन येसो गद्दिनसिनका मोहरवाट येसो भोट मधेसवाट यादास्त चिठि चपेटिमा पनि जङ्गवहादूर भंन्या लेषाउन सक्याको भयो तिन्को केहि जमामर्दी र वुद्धि देषिन्थ्यो. हजुर वाट त जौन् दिनमा...१...गादिमा राजगरि वक्सनु भयोथ्यो. उसै दिन हजुरवाट जङ्गवहादूरको जरो राषि वक्सनु हुन्या छैन भंन्या देष्याकै छ. वहुलाकि स्वास्नी लैजांदा जार नहान्नु भंन्या मोहर

गराईछस् भन्या हुकुम भयाको रहेछ मता आफ्नाजात र तल्ला जातका रितसंग ल्यांञापनि पछि पनि ल्याउन्याछु . येस्ता जंडाहा वौलाहाका स्वास्नी ल्याउन्या भनि हजुरवाट मलाई ठट्टा हेलांगरि वक्सनु भयाकोहो. प्यारो र तारिफ्त हजुरवाट कस्तालाई गरि वक्सनु हुदो रहेछ भन्या ...२...का मैञा विगारन्याका सन्तान्लाई र विदूर साहीकि मैञा राषन्याको ताडिफ गरि वक्सनु हुन्छ भनि जान्याकैछ हामि त हजुरका पाउका धुलोपनि हुं. हजुरवाट हाम्रा ज्यू रहन्या छैनन् भन्या निश्चय देष्याकोछ येस्तालाई चिठि चपेटीमा छेडि किन मुषलाइ वक्सनु हुन्छ हजुरवाट गुलामलाइ विगारनु छ भन्या रिसानी भैकन पारलाग्दैन ४।५ मैन्हा मुगलानामा राजगरि वक्सी दगा रिसानी पुरश्चरण गरि वाइसि चौविसी उठाई भगुवा कटुवालाई मुष्य गराई राजा रजौटालाई उठाई वडा वडा आदमी संग लेषपढ गरि वक्सदा पनी हजुरको केहिसाध्य भयाको देषिदैन. अवत मलाई विगार्नाको हजुरको मन्सुवा छ भन्या देषि भगुवा कटुवाहरूलाई रिसानीको तौरगरि वक्सी गुलामका उपर मेहरवानगी राषि...१...र ...३...हरू संगमिली वक्सी...१...का हजुरमा विंति पारि गुलामलाई जगा जिमिन रूपैया पैसा हजुरवाट वक्सी केहिकालमा विस्वास पारि षान्या पिन्या कुरामा मात्र वितलवपारि हजुरको साध्यछ तेस्मना पनि मैजस्ता मेराभाइ १७ वटा म भंदा रुनसारो छन्

हजुरले तांहा धर्मगरि मुचुल्का लेखाई वक्सनु भयाको षवर सर्दार करवीर षत्रीहरूका मुषजवानले सुनि सचेत भै म रहयकोछु हजुरवाट जलेश्वर कचहरिमा पावलागी वक्सन्छु भंदा ञाहांवाट गुलामले पनि कटरवनामा घर छाउनीको ताकितगर्न लायाकोहो. फेरि हजुरवाट सिधुलिमा पाव लागछु भन्या मोहर आउंदा २ पल्टन हजुरका पाव रषवारिलाई विदा गरि पालपा पठायाको छ ...४...को षिजमत् कृष्नवहादूर गर्न्या छ उनी र पाव रषवारिमा आउन्या मानिसहरूलाई दुइ पलटन गैह्ले जाफत गर्‍याको नजर गराउन्या छन्. कासीका नाथ तं संग जोरिन तयार छ भन्या हुकुम भै आयाका कुरालाई ञाहा पनि ........र गजवटन जोरिन तयार छन्...१...वाट येस्तो हुकुम भयाको छ . ज्यौनार टहल गर्न्या कुराको अर्जिमात्र लेषनु. सीता वियोग भयामा जस्तो...५...लाई भयाको थियो उस्तै ...६...लाई विपत्तिका सागरमा डुवी वक्सनु भयाको छ .अव देषि तैले अर्जि नलेषनु भंन्या हुकुम भयाको छ अवदेषि ज्यौनार टहल् गैह्रमात्र लेषि चह्राई पठाउन्याछु अरू अर्जि लेषन्या छैन. वुम्हि वक्स्याजाला किमधिकं विज्ञ प्रभुचरणेषु इति संवत् १९०४ साल मिति आषढ सुदि ५ रोज ७ मुकाम कांतिपुर शुभम्.......................

**खाममाः-** स्वस्ति श्रीश्रीश्रीश्रीश्री महाराजाका चरणतल अर्जिपत्रं सुगौली पहुंचै शुभम्

[परिशिष्ट, १, २, ३, ४, ५, ७, ८, ९, १०, ११, १२, १३, १४, १५ र १६ संख्याका यी अप्रकाशित पत्रहरू परराष्ट्र मन्त्रालयका १२, १४, २० र २०० नं. का पोकावाट लिइएका हुन्]

## टिप्पणी

१. संम्वत् १९०३ साल कार्त्तिक श्रुदि १२ रोज ७ मा काटिन्याको तप्सील ज्मा-१२
   १, विरूध्वज वस्न्यात
   २, गोठे कपतान
   ३, शक्ति हमाल
   ४, दलमर्दन थापा............
   भाग्न्याको तप्सील
   १, काजि रणवीर राना
   २, कवतान उजीर सिं
   ३, सर्दार रणभद्र
   ४, सर्दार बखत सिं वस्न्यात.......... (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट बाट)
२. तसैदिन भारदारी वस्याको हनुमानढोकामा जङ्गवहादुर कुवरले सवै भारादारको यकमतो गराइ कान्छा महारानीलाइ दियाको हुकुम षोसी कासी जानु भन्या गरायाको महाराज वाट
३. सम्वत १९०३ साल मिती मार्गवदि ५ रोज १ मा जुवाराजलाइ सवै हुकुम दियाको लालमोहर पनि दियाको (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट बाट)
४. तसैदिन महारानी मिश्र गुर्ज्युका घरमागइ वस्याको (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट)
५. सं. १९०३ साल मार्गवदि ६ रोज २ मा कासीजानभनि महाराजाको प्रस्थान एकदेउ वैद्यका घरमा पस्याको
६. महारानी मिश्र गुर्ज्यूका घरवाट माहिला गुर्ज्यूका घरमा प्रस्थान गऱ्याको (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट)
७. सं १९०३ मिति मार्ग श्रुदि ६ रोज ३ मा महाराजा महारानीको सवारि सरासर भयाको.... (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट) परिशिष्ट संख्या को पत्र ।
८. त्यस दिन फर्पिङ वस्याको भोलीपल्ट चिसापानि वस्याको तांहावाट मकवानपुर भयाको (लक्ष्मीनारायण खनालको तात्कालिक टिपोट)
९. परिशिष्ट संख्या १ को पत्र
१०. परिशिष्ट संख्या १ को पत्र
११. परिशिष्ट संख्या १ को पत्र
१२. परिशिष्ट संख्या २ को पत्र
१३. परिशिष्ट संख्या २ को पत्र
१४. परिशिष्ट संख्या २ को पत्र
१५. परिशिष्ट संख्या १० को पत्र
१६. परिशिष्ट संख्या ३ को पत्र

१७. परिशिष्ट संख्या ४ को पत्र
१८. परिशिष्ट संख्या ५ को पत्र
१९. परिशिष्ट संख्या ५ को पत्र
२०. परिशिष्ट संख्या ५ को पत्र
२१. परिशिष्ट संख्या ६ को पत्र
२२. परिशिष्ट संख्या ७ को पत्र
२३. परिशिष्ट संख्या ८ को पत्र ।
२४. परिशिष्ट संख्या ९ को पत्र ।
२५. श्री राजेन्द्रविक्रम साह मध्यस सुगौउरी विज्याओ चोम्ह श्री लालमोहर विया छोयाहल जंगवहादुर कुवर जरनेरया खलक मतियार समेत जोना जिथाहय्मा मफुसा स्यानातथ्यमा धकाहोकमजुया मोहर वियाहल.. (अप्रकाशित रातोमछिन्द्रनाथको घटनावली वाट)
२६. ...मोहर जोनाओ पिंस जरनेरयात लस दगाविया तुपतं कय कास्याय धका सुलामतया नाचोन थ्वख जर्नेर सिंया श्री महाराजाधिराज याके विन्ति याना मोहर जोना ओपिंजोना हल मत याना चोंगु उदासया छेसम्पति लुतय याकल..... (अप्रकाशित रातोमछिन्द्रनाथको घटनावली वाट)
२७. ..काजि जर्नेर प्रभिति भारादार सिपाही सकस्यांनं विंतियाना श्री महाराजाधिराजयात वुधवार रात्री घडि ४/५ जाओ वेलस श्री गादिस विज्याका गुरूज्यू श्री विजयराज पण्डीत अभिशेष विया श्री ५ महाराजया भारादार दर्शनयात भारादारयात दोसाला नेकल....... (अप्रकाशित रातोमछिन्द्रनाथको घटनावली वाट)
२८. परिशिष्ट संख्या ११को पत्र ।
२९. ...थ्वनसति चतुर्दशी बृहस्पतिवार कुन्हु श्री जङ्गवहादुर स्याय माधका मोहर जोना ओपित विष्णुमति सिमायार्षाया स्यात......... (अप्रकाशित रातोमछिन्द्रनाथको घटनावली वाट) ......जना ३ आई किलागलका नेवारका धरमा मतोगरी वस्याका.... साजमा ति २ जनालाई सहर्धुमाई विष्नुमतिपारी षरीको वोटमा झुन्ड्यायाको वाहुनलाई मुड्याको भोलीपल्ट विहान तेस नेवारमा घर भत्कायाको काठपात समेत पल्टनलाई दाउरावाल्नु भन्याको.... (लक्ष्मीनारायण खनालको अप्रकाशित टिपोट वाट)
३०. परिशिष्ट संख्या ९ को पत्र ।
३१. परिशिष्ट संख्या १२को पत्र ।
३२. परिशिष्ट संख्या १३ को पत्र
३३. परिशिष्ट संख्या १४को पत्र ।
३४. परिशिष्ट संख्या ९ र १४ को पत्र ।
३५. परिशिष्टसंख्या १६ को पत्र
३६. परिशिष्ट संख्या १५को पत्र

३७. सम्वत् १९०४ साल आषाड श्रुदि १३ रोज २ मा जयवहादुर बंबहादुरका दुई भाइ विजेराज माहिला साहेवज्यू पल्टन लि आफ्ना हात हतियार तोप वन्धुक लि वावु सितका मानिस सित लडाई गर्न गयाको... (लक्ष्मीनारायण खनालको अप्रकाशित टिपोट वाट)

३८. सम्वत् १९०४ साल मिति आषाड श्रुदि १५ रोज ३ श्रावणमासे दिन गता १४ मधेस अलौ कचहरिमा गोरष पल्टन्ले राजासित रह्याका वाहुन अरूजात सवैलाई काट्याको ..........आहाका केटी पनि २ /४ गोहत्ये ब्रम्हहत्ये स्त्रिहत्ये वालहत्ये भयाको ..३०० मऱ्याको. तसै अलौ कचहरिमा... (लक्ष्मीनारायण खनालको अप्रकाशित टिपोट वाट)

३९. योगी नरहरिनाथद्वारा, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १ को पृष्ठ १८१ मा यो पत्र छापिएको छ।

## सन्दर्भ-ग्रन्थ


खनाल, मोहनप्रसाद. २०३६. *नेपालमा भोट युद्धको तयारी,* काठमाडौं ।

_____ *लक्ष्मीनारायण खनालको ऐतिहासिक घटनावली* (अप्रकाशित) ।

_____ *रातोमछिन्द्रनाथ र तात्कालिक घटनावली* (अप्रकाशित) ।

_____ २०५६. "वि.सं. १९०० ताकाको नेपाल" Sketches from Nepal, हिमाल एसोशियसन, पाटनढोका ।

योगी, नरहरिनाथ. २०२२. *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १,* आध्यात्मिक सम्मेलन दाङ्ग ।

Rana, General Padma Jung Bahadur. 1909. *Life of Maharaja Sir Jung Bahadur of Nepal.* Allahabad: Pioneer Press.

Wehlpton, John. 1983. *Jang Bahadur in Europe.* Kathmandu: Sahayogi Press.